

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १५५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार ३ गते आइतबार ❑ 18 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## बलियो कम्युनिष्ट शक्ति निर्माणका लागि समाजवादी मोर्चा आवश्यक : अध्यक्ष नेपाल

**रासस**
काठमाडौं, २ असार

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले मुलुकमा बलियो कम्युनिष्ट शक्ति निर्माणका लागि समाजवादी मोर्चा गठन गर्न लागिएको बताउनुभएको छ ।

पार्टी निकट गोरखा काठमाडौँ-सर्म्पक मञ्चको प्रथम जिल्ला अधिवेशनको शुभारम्भ गर्दै अध्यक्ष नेपालले मुलुकमा राजनीतिक स्थिरता कायम गरी जनताको लामो सङ्घर्षबाट प्राप्त भएको अहिलेको संविधान तथा राजनीतिक व्यवस्थालाई संरक्षण गर्न मोर्चाको आवश्यकता रहेको बताउनुभयो ।

विसं २०४६ को आन्दोलनमा पनि वामपन्थीको मोर्चा बनाएर राजनीतिक परिवर्तनमा उल्लेखनीय भूमिका निर्वाह गरेको बताउँदै उहाँले देशमा राजनीतिक स्थायित्व र स्थिरता प्रदान गर्न तेस्रो शक्तिका रूपमा मोर्चालाई स्थापित गराइने बताउनुभयो । अध्यक्ष नेपालले शोषण, दमन, उत्पीडन, भेदभावविरुद्धका मुद्दामा समाजलाई सही दिशानिर्देश गर्न, कम्युनिष्ट आन्दोलनलाई लोकप्रिय बनाउन निर्माण गरिएको मोर्चा छिट्टै घोषणा हुने जानकारी दिँदै कुनै पनि पार्टीलाई मोर्चामा विलय गराउने उद्देश्य नभएको प्रष्ट पार्नुभयो ।

अहिले मौलाइरहेको भ्रष्टाचारको अन्त्य गर्न राजनीतिमा शुद्धीकरणको खाँचो औँल्याउँदै उहाँले त्यसका लागि स्वच्छ छवि भएका निष्कलङ्क व्यक्ति राजनीतिप्रति आकर्षित हुनुपर्नेमा जोड दिनुभयो । पूर्वप्रधानमन्त्रीसमेतरहनुभएकाअध्यक्ष नेपालले तत्कालीन एमालेका नवौँ महाधिवेशनमा सुखी नेपाली र समृद्ध नेपाल भन्ने नारा आफूले अगाडि सारेको बताउनुभयो ।

शिक्षा, स्वास्थ्य, विकास र जनताको समृद्धिका विषयलाई आफ्नो पार्टीले प्राथमिकतामा राखेकाले राष्ट्रिय राजनीतिमा नेकपा (एकीकृत समाजवादी) को भूमिका बढ्दै गएको उहाँको भनाइ थियो । पार्टीका पोलिटब्यूरो सदस्य दिलु पन्तले समाजवाद हासिल गर्न विकास, समृद्धि सामाजिक न्यायसहितको आत्मनिर्भर अर्थतन्त्रको खाँचो हुने बताउनुभयो ।

## संघीयता अनुसार खेल संरचना परिमार्जन गर्न मन्त्री लिम्बुको निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, २ असार



युवा तथा खेलकुदमन्त्री डिग बहादुर लिम्बुले संघीयता अनुसार खेल संरचना परिमार्जन गर्न निर्देशन दिनु भएको छ ।

पोखरा रङ्गशालामा शनिबार देखी सुरु भएको तेस्रो प्रदेशस्तरीय आइटिएफ तेक्वान्दो प्रतियोगिताको उद्घाटन गर्दै उहाँले ऊक्त कुरा बताउनु भएको हो । उहाँले देश संघियतामा गएको ५ बर्ष वितिसक्दा पनि अझै पुरानै संरचनाको नामबाट काम गर्न नहुने बताउदै त्यसलाई परिमार्जन गर्न निर्देशन दिनुभएको हो । अझै पनि पश्चिमाञ्चल क्षेत्रिय खेलकुद बिकास समिति भनेर त्यसको बोर्ड त्यही संरचनामा काम गर्नू निकै हाँस्यास्पद भएको मन्त्री लिम्बुले बताउनु भयो । यस्ता पुराना संरचना परिवर्तनको लागि मन्त्रालयको मात्र मुख ताक्नु भन्दा आफैबाट सुरु गर्नुपर्ने उहाँको भनाई थियो ।

नेपाली खेलकुदको विकास गर्न खेलकुदमा लाग्ने खेलाडीहरुको भविश्य सुनिश्चित पार्ने कानून ल्याउने तयारी सरकारले गरिरहेको मन्त्री लिम्बुले बताउनुभयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएर देशको नाम राख्ने खेलाडीहरुको खेल पछिको जीवन सरल र सहज हुने गरी सरकारले कानुनी व्यवस्था गर्ने उहाँले बताउनु भयो ।

नेपालको खेलकुद क्षेत्रको विकासका लागि निजी क्षेत्रको समेत साथ आवश्यक रहेको उहाँले बताउनुभयो । खेलकुदमा नीजि क्षेत्रको लगानी सुनिश्चित गर्दै खेलकुदमा लागेका अभिभावकहरुलाई समेत सम्मानित हुने वातावरण सरकारले बनाउने मन्त्री लिम्बुको भनाई छ । खेलकुदका संरचनाहरुलाई

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## राजनीतिलाई सङ्लो बनाउने अभियानमा एमाले छ : नेता विष्ट

**पोखरापत्र संवाददाता**
पोखरा, २ असार




नेकपा (एमाले) का सचिव एवम् गण्डकी प्रदेश इन्चार्ज गोकर्ण विष्टले राजनीतिलाई सङ्लो बनाउने अभियानमा एमाले रहेको बताउनुभएको छ ।

प्रेस चौतारी गण्डकीद्वारा शनिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा उहाँले पार्टीभित्र केही नेताले गल्ती गर्दैमा सबै नेतालाई मुछ्न नमिल्ने बताउनुभयो । नेता विष्टले भन्नुभयो, "पार्टी अनुशासन विपरीत कोही आपराधिक क्रियाकलापमा लाग्छ भने त्यस्ता नेतालाई पार्टीले संरक्षण नगरी तुरुन्त निलम्बन गर्छ ।" नक्कली भूटानी शरणार्थी प्रकरणका सन्दर्भमा निश्पक्ष छानबिन गरी दोषीमाथी कारबाही गर्न उहाँले सरकारलाई सुझाव दिनुभयो ।

नेकपा एमालेको हालै सम्पन केन्द्रीय कमिटी र जिल्ला अध्यक्षको बैठकले नागरिकप्रति जिम्मेवार हुँदै नागरिकका मुद्दा सूक्ष्म रूपमा उठाएर हरेक क्षेत्रमा हुने भ्रष्टाचारको भण्डाफोर गर्ने नीति तय गरेको नेता विष्टको भनाइ थियो । पार्टीभित्र उन्नत प्रकारको लोकतान्त्रिक अभ्यास गर्दै राजनीतिलाई मर्यादित र सम्मानित बनाउने पक्षमा एमाले रहेको उहाँले बताउनुभयो । नेपाली जनताको जीवनस्तर उकास्ने पार्टीको मुख्य उद्देश्य रहेको बताउँदै उहाँले युवावर्गलाई राजनीतिप्रति आकर्षण गर्ने लक्ष्य पार्टीको रहेको जनाउनुभयो ।

नेपाली युवालाई नेपालमा नै अडिन सक्ने वातावरण सृजना गर्न एमाललेले युवा लक्षित विभिन्न कार्यक्रम ल्याउने नेता विष्टले बताउनुभयो ।

आर्थिक अवस्था कमजोर भएका नागरिकको समृद्धिका लागि एमाले सधैँ अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले युवाको हितका लागि नयाँ ढङ्गबाट काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालन हुनुपर्नेमा जोड दिँदै उहाँले यसका लागि सम्बन्धित निकायमा आवाज उठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उक्त कार्यक्रमको अध्यक्षता प्रेस चौतारी गण्डकी प्रदेशका अध्यक्ष इन्द्र पौडेलले गर्नुभएको थियो ।

## सवारी दुर्घटनामा पूर्व नगरप्रमुख गिरीको निधन

**पोखरापत्र संवाददाता**
वालिङ, २ असार

गए राति स्याङ्जामा भएको सवारी दुर्घटनामा चापाकोट नगरपालिकाका पूर्वप्रमुख शिव गिरीको मृत्यु भएको छ ।

बा १५च १७०९ नम्बरको 'स्कारपियो' अनियन्त्रित भई दुर्घटना हुँदा प्रमुख गिरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रवक्ता रवीन्द्र खनालले जानकारी दिनुभयो । चापाकोट-४ दार्सिङ बस्ने ६० वर्षीय गिरीलाई जिल्ला अस्पताल स्याङ्जाले ११:४० मा मृत घोषणा गरेको थियो ।

राङ्खोलाबाट स्याङ्जातर्फ जाँदै गरेको स्कारपियो गए राति ११ बजे पुतलीबजार-१० राङ्खोलास्थित सिद्धार्थ राजमार्गमा दुर्घटनामा परेको थियो । प्रहरीले पुतलीबजार-९ कोल्मा बस्ने ३२ वर्षीय सवारी चालक सुरज नेपाली तथा स्कारपियो नियन्त्रणमा लिएको प्रवक्ता खनालले बताउनुभयो ।

**हँसिया प्रहार गरी बालकको हत्या**

स्याङ्जाको अर्जुनचौपारीमा हँसिया प्रहार गरी एक बालकको हत्या भएको छ । जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रवक्ता रवीन्द्र खनालका अनुसार अर्जुनचौपारी- ६ सिउँडीबारी बस्ने २१ वर्षीय सुजन चुवाई (सुवेदी) ले हँसिया प्रहार गरी सोही ठाउँ बस्ने ९ वर्षीय बालक हर्षित देवकोटाको हत्या गरेका हुन् । शुक्रबार साँझ हँसिया प्रहार गरी बालकको हत्या गर्ने सुवेदी घटनापश्चात् फरार रहेकोमा प्रहरीले पुतलीबजार-१ बाट पक्राउ गरी अनुसन्धान सुरु गरेको छ । हत्याको कारण खुल्न सकेको छैन ।

## सुर्तीजन्य पदार्थ नियन्त्रण गर्न व्यक्ति र घरपरिवारबाटै सुरुवात गर्न मन्त्री शिंखडाको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, २ असार




गण्डकी प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्री शुसिला सिंखडाले सुर्तीजन्य पदार्थको नियन्त्रण गर्न व्यक्ति आफै र परिवारबाटै सुरूवात गर्न आग्रह गर्नु भएको छ ।

स्वास्थ्य पत्रकार मञ्च नेपालको आयोजनामा काठमाण्डौंको स्वास्थ्य कर कोषको सचिवालयको सहकार्यमा शनिबार पोखरामा भएको सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्न बनेको ऐन कार्यान्वयन सम्बन्धी अभिमुखिकरण कार्यक्रममा वोल्दै मन्त्री सिंखडाले उक्त कुरा बताउनु भएको हो ।

बनेका ऐन कानूनको पालना गर्न मन्त्री सिंखडाले सबैमा अनुरोध समेत गर्नु भयो । सुर्तीजन्य तथा मदीरा जन्य पदार्थले परिवारमा कलह समेत उत्पन्न गराएको उहाँको भनाई थियो । स्वास्थ्य कार्यालय कास्कीका प्रमुख बद्री आचार्यले नेपालमा करिब ३१ प्रतिशत जनताले सुर्तिजन्य पदार्थको प्रयोग गर्ने गरेको बताउनु भयो । सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्न ऐन तथा कानून बने पनि प्रभावकारी रूपमा कार्यान्वयन नभएको उहाँले बताउनु भयो । याक्सन नेपालका आनन्द चन्दले कोशी प्रदेशमा अन्य प्रदेशको तुलनामा बढी सुर्तीजन्य पदार्थको प्रयोग भएको बताउनु भयो ।

त्यसै गरी बागमती प्रदेश दोश्रो र गण्डकी प्रदेश सुर्तीजन्य पदार्थ प्रयोग हुने तेश्रो प्रदेशको रुपमा रहेको उहाँले जनाउनु भयो । साथै चन्दले पोखरा महानगरपालिका सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्न मौन रहेको दाबी गर्नु भयो । हुक्काको प्रचलन बढी भएकोले यसलाई नियन्त्रण गर्न आवश्यक भएको उहाँको भनाई थियो ।

पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानका निर्देशक प्रा.डा. भरत खत्रीले साईलेन्ट किलरको रूपमा सुर्तीजन्य पदार्थ रहेकोले यसको सचेतना अझै कमी भएको बताउनु भयो । निकोटीनका प्रयोगकर्तालाई बिकल्प दिन नसके कानून ऐन मात्र बनायर यसको नियन्त्रण गर्न नसकिने उहाँले बताउनु भयो ।

मञ्चका अध्यक्ष सरोज ढुंगेलको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको कार्यक्रममा वोल्ने वक्ताहरुले सुर्तीजन्य पदार्थ नियन्त्रण गर्न बनेको ऐन कानून प्रभावकारी कार्यान्वयन नभएको गुनासो गर्नु भएको थियो । सुर्तीजन्य पदार्थ नियन्त्रण गर्न बनेका ऐन कानूनले सार्वजनिक क्षेत्र र त्यसको एक सय मिटर दुरी नजिक सुर्तिजन्य पदार्थ सेवन गर्न र बिक्रि वितरणमा रोक लगाए पनि त्यसको नियमन हुन नसकेको वक्ताहरुको भनाई थियो ।




# साहित्यलाई पर्यटनसँग जोड्न आवश्यक

पोखरापत्र संवाददाता
पोखरा, २ असार

पोखरामा पर्यटन प्रवर्धनमा साहित्य सिर्जना विषयक विमर्श शनिवार सम्पन्न भएको छ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज गण्डकी समितिले अनेसासको वार्षिक कार्ययोजना अन्तर्गत विमर्श, स्रष्टा सम्मान तथा रचनावाचन एकै साथ सम्पन्न गरेको हो। अन्तरक्रिया कार्यक्रमका वक्ताले नेपाली साहित्यको अवस्था पहिरो जाने पहाडको फेदीमा रहेको घर जस्तो भएकाले त्यसलाई पर्यटनसँग जोडेर अगाडि बढ्न आवश्यक रहेको धारणा राखे।

कार्यक्रमका प्रमुख अतिथि गण्डकी विश्वविद्यालयका कुलपति प्रा.डा. गणेशमान गुरुङले अनेसास बोर्ड अफ ट्रष्टी सल्लाहकार रोहिणीप्रसाद शर्मालाई सम्मानसहित कार्यक्रमको उद्घाटन गरे।

गुरुङले राज्यमा सुशासन कायम नहुँदा राम्रा र क्षमतावान प्रतिभा पलाएर हुन राज्यका लागि क्षति भएको बताए। गुरुङले थपे- 'परदेशले क्षमतावान नेपालीलाई ससुरालीमा पाउने सत्कार सम्मानजस्तो योग्यताको कदर गर्ने भएकाले अधिकांश विद्वान् नेपाली परदेश भाँसिदा आफूलाई पीडा हुन्छ।' उनले राज्यले स्रष्टालाई जुन सम्मान दिनुपर्ने त्यो दिन नसकेकोमा चिन्ता व्यक्त गर्दै पर्यटनसँग साहित्यलाई जोड्न थप गृहकार्य आवश्यक रहेको बताए।



सम्मानित स्रष्टा शर्माले आफू इञ्जिनियरिङ्गको विद्यार्थी भए पनि परदेशमा रहँदा देश दुख्नुको पीडाले भाषा, साहित्य र संस्कृति संरक्षणमा क्रियाशील रहेको बताए। अनेसास गण्डकी समितिलाई धन्यवाद ज्ञापन गर्दै शर्माले नेपाली मौलिक कला, संस्कार र संस्कृतिलाई संरक्षण गर्न लेखनको विषय त्यसैलाई बनाउनसमेत सुझाए। विमर्श कार्यक्रमका मुख्यवक्ता डा. रामप्रसाद दाहालले नेपाली साहित्यलाई पर्यटनसँग जोडेर सिर्जनाको श्रीवृद्धि गर्न हेर्न लाएक दृश्य धेरै भए तापनि राज्यमा हिँड्न लायक अवस्था नहुनु दुर्भाग्य भएको बताए। दाहालले पोखरा सुन्दर अनुहारको निधारमा लगाइएको टीका जस्तो सौन्दर्य भएकाले फेवा विनाको, वेगनास विनाको पोखरा कल्पना नहुने भएकाले त्यसको संरक्षणमा लाग्न सरोकारवालालाई खबरदार िसमेत गरे। वरिष्ठ लोकगायिका हरिदेवी कोइरालाले साहित्यलाई उत्पादनमुलक बनाउन पर्यटनसँग जोड्न अक्षरका खेतीहरूले उल्लेख्य योग्दान दिएको बताइन्। उनले अक्षरका पुजारीहरूको सम्मानले सिर्जनामा लाग्नेलाई थप प्रेरणा मिल्ने बताइन्।

प्रा.डा. कुसुमाकर न्यौपानेले राज्यमा धेरै प्रकारका भ्रष्टाचार मौलाएको अवस्थामा स्रष्टाले आफ्ना सिर्जनाको भाषामा ध्यान नदिनु भाषिक भ्रष्टाचार भएकाले सबैलाई सचेत हुन आग्रह गरे। अनेसास नेपाल च्याप्टर अध्यक्ष सन्ध्या पहाडीले गण्डकी समिति र कार्यक्रम सफल पार्न सहयोग गर्ने सम्पूर्णलाई आभार व्यक्त गरेको कार्यक्रममा अनेसास नेपाल च्याप्टर उपाध्यक्ष गीता कार्की, आजीवन सदस्य देवेन्द्र के.सी.ले रचना प्रस्तुत गरेका थिए। अनेसास गण्डकी अध्यक्ष दुर्गा शाह बाबाले कुनै पनि चिज, वस्तु या प्रतिभालाई चिनाउनका लागि त्यसको जानकारी गराउन आवश्यक रहने बताउँदै अनेसास गण्डकीले रोहिणीप्रसाद शर्माको योगदानलाई स्मरण गर्ने पर्यत्न मात्र गरेको धारणा राखे।

अनेसास गण्डकी उपाध्यक्ष दुर्गा न्यौपानेले शर्मालाई चिनाउँदै केन्द्रीय समितिले सञ्चालन गर्ने विभिन्न पुरस्कारका संस्थापकसमेत रहेका शर्मा अमेरिकालाई कर्म थलो बनाएर आफूलाई साहित्य सेवक, सङ्गठन र सर्जकका रूपमा क्रियाशील रहेर पुर्‍याएको योगदानको कदर गर्दै समितिले शर्मालाई नेपाल आएको सन्दर्भमा सम्मान अर्पण गरेको बताइन्। संस्थाका महासचिव असफल गौतमले अघिल्लो वर्ष सराङकोटमा पर्यटन साहित्य उत्सव आयोजना गरिएकोमा त्यसको निरन्तरतामा यस पटक विमर्श र स्रष्टा सम्मान आयोजना गरिएको जानकारी दिए।


## विषादीको प्रयोगमा सचेत बनौं

विषादीको प्रयोगबाट व्यक्तिमा देखिने लक्षणहरु,

◆ थकान महशुस हुनु, टाउको दुख्नु, रिङ्गटा लाग्नु, छाती दुख्नु।
◆ छाला लाटो हुनु, चिलाउनु र फोका आउनु।
◆ आँखा रातो हुनु, पोल्नु, आँसु बगिरहनु, धमिलो देखिनु र आँखीभौं फरफराउनु।
◆ नाक पोल्नु, पातलो सिंगान बगिरहनु, खोकी लाग्नु, वाक-वाकी लाग्नु, वान्ता हुनु र निद्रा नपर्नु।
◆ हिँड्दा लड्खडाउनु, कम्पन हुनु, होस हराउनु, स्वाँ-स्वाँ बढ्नु र मुर्छा पर्नु।

त्यसबाट प्यारालाइसिस, हृदयघात तथा मृत्यु समेत हुन सक्ने भएकोले विषादीको प्रयोगमा सावधानी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# गुणात्मक शिक्षाको लागि काठमाडौं विश्वविद्यालयसँग सम्झौता

पोखरापत्र संवाददाता
पोखरा, २ असार

पोखराका निजी सात विद्यालयले गुणात्मक शिक्षाको लागि काठमाडौं विश्वविद्यालयसँग शनिवार सम्झौता गरेका छन्।

काठमाडौं विश्वविद्यालयको शिक्षा संकायका डिन डा बालचन्द्र लुइँटेल र पोखराका सात विद्यालयले सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन्। हस्ताक्षर गर्नेहरुमा हिलप्वाइन्ट स्कुलका प्रिन्सिपल दिवाकर जैसी, हार्वड एकेडेमीका प्रिन्सिपल श्रीकृष्ण अधिकारी, पोखरा लर्नस एकेडेमीका प्रिन्सिपल विधान गौतम, सोसल पब्लिक स्कुलका निर्देशक खेम गुरुङ, प्रगति स्कुलका प्रिन्सिपल महेन्द्र थापा, भाष्कर मेमोरियल स्कुलका निर्देशक विश्वराज बास्तोला र डायमन्ड स्कुलका निर्देशक माधवशरण उपाध्याय रहेका छन्। सम्झौतापछि काठमाडौं विश्वविद्यालयले विद्यालयहरुमा शिक्षकहरुको सिकाइ र सहयोग कार्यक्रम बढाउन पहल गर्ने, विद्यालयहरुको आवश्यकता विश्लेषणको आधारमा ४८ घन्टाको पाठ्यक्रमको ढाँचा तयार गर्ने, अधुरा कार्यहरुको



विश्लेषण, पाठ्यक्रम, मूल्यांकन, नेतृत्व दुरदृष्टि र विद्यालयहरुको मिसनसँग सम्बन्धित प्रश्नहरुमा काम गर्ने, समयसमयमा कार्यशाला, प्रशिक्षणमार्फत स्रोत, उपकरण र पाठयोजनाको निर्माण र विकास गर्ने, शिक्षकहरुको सिकाइ अभिवृद्धि गर्न सहयोगको रुपमा काम गर्ने र आवश्यकता अनुसार प्राविधिक सहयोग गर्ने भएको छ। विद्यालयहरुले निरन्तर र व्यावसायिक शिक्षा कार्यक्रमको पाठ्यक्रममा संलग्न सबै खर्चहरु प्रबन्ध गर्ने छन्। पाठ्यक्रम/कार्यशाला र प्रक्षिक्षण मार्फत शिक्षक र शैक्षिक नेतृत्वलाई सबलीकरण गर्ने, शिक्षकहरुको लागि प्रगतिशील र प्रोत्साहनजनक वातावरण सिर्जना गर्ने दायित्व विद्यालयहरुको हुने सम्झौता छ। उक्त सम्झौतापछि पोखराका विद्यालयका शिक्षकहरु विभिन्न तालिममा सहभागी हुने छन्। सम्झौता कार्यक्रममा काठमाडौं विश्वविद्यालयका डीन डा लुइँटेलले सुखद सिकाइको वातावरण दिन चाहने शिक्षकको आवश्यता औंल्याए। 'शिक्षणको सबैभन्दा ठूलो चुनौती मनस्थिति हो,' उनले भने, यसको समस्या के भने मेरो मनस्थितिमा समस्या छ भन्ने नै थाहा हुँदैन।' शिक्षकले भनेको सुनेर थाहा पाउने/बुझ्ने विद्यार्थी भनेको केवल ५ प्रतिशत हुन्छन्,' उनले भने, तर हामी त्यही तरिकाले मात्रै सिकाउन खोजिरहेका छौं, ९५ प्रतिशतले विभिन्न ढंगले सिक्छन्, तिनीहरुमाथि बेवास्ता भइरहेको छ।' डा. लुइँटेलले वताए। डायमन्ड स्कुलका निर्देशक माधवशरण उपाध्यायले शैक्षिक सहकार्य र नेतृत्व विकास गर्दै विद्यालयको शैक्षिक स्तर वृद्धिका लागि सम्झौता फलदायी हुने विश्वास व्यक्त गरे। भाष्कर मेमोरियल स्कुलका निर्देशक विश्वराज बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा डीन डा लुइँटेलसँग उनीहरुले सम्झौतापत्र आदानप्रदान गरे। सहप्राध्यापक डा पार्वती ढुंगाना, प्रशिक्षक रविना महर्जन, रेजिना केसी र सन्दीप ढुंगानासमेत सम्झौता समारोहमा उपस्थित थिए। यसअघि उनीहरुले विद्यालयका शिक्षकहरुलाई प्रशिक्षण दिएका थिए। दुई दिन सम्म चलेको कार्यक्रममा विद्यालयका संचालक, हरेक तहका संयोजक, विषय शिक्षक, प्रिन्सिपल, डिन लगायत ७० जनाको सहभागीता रहेको हिलप्वाइन्ट स्कुलका प्रिन्सिपल दिवाकर जैसीले पोखरापत्रलाई वताए। पाठ्यक्रम विकास, पाठयोजना निर्माण, पृष्ठपोषण, विद्यार्थीको सिकाई उपलब्धि लगायत शीर्षकमा केन्द्रित रही प्रशिक्षण भएको प्रिन्सिपल जैशीले भने। सो कार्यक्रमको संचालन प्रगति स्कुलका संचालक जयराम पौडेलले गरेका थिए।

# देशप्रति समर्पित राष्ट्रिय शक्ति निर्माण आवश्यक : अध्यक्ष ओली

रासस
काठमाडौं, १ असार

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले देशप्रति समर्पित राष्ट्रिय शक्ति निर्माण आवश्यक रहेको बताउनुभएको छ।

ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा शनिबार आयोजित पार्टी प्रवेश कार्यक्रममा उहाँले इमान्दारितमका साथ देशप्रति समर्पित र जनतालाई सुखी बनाउन सक्ने राष्ट्रिय शक्ति निर्माण आवश्यक रहेको बताउनुभएको छ। "हामी एउटा राष्ट्रिय शक्ति निर्माण गर्न चाहन्छौँ, जो देशप्रति समर्पित होस र त्यसले मुलुकको चौतर्फी विकास, सुरक्षा तथा न्याय प्रदान गर्न सकोस", उहाँले भन्नुभयो। अध्यक्ष ओलीले कसैले पनि पराजित गर्न नसक्ने खालको राष्ट्रिय शक्ति निर्माणको आवश्यकता रहेको बताउनुभयो। उहाँले निष्ठा र इमान्दारिताका साथ सक्रिय भइ जनताको जीवनमा परितर्वन ल्याउने गरी काम गर्न पार्टीका नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभयो।

# संघीयता...

सङ्घीयता अनुसार विकास गरिने उहाँले स्पष्ट पार्नुभयो। उहाँले भन्नुभयो,"देशमा सङ्घीय शासन व्यवस्था सुरु भएको पाँच वर्ष पूरा भइसकेको छ। अब पनि पूरानै संरचनामा बसेर नेपालको खेलकुदको विकास हुन सक्दैन, यसको परिवर्तन गर्नु आवश्यक छ।"प्रदेश र जिल्लाका विगतका खेलकुदका कार्यालय तथा संरचनाहरुलाई संघीयताअनुसार परिर्वतन गर्नुपर्नेमा मन्त्री लिम्बुले जोड दिनुभयो। प्रतियोगितामा गण्डकी प्रदेशका सात जिल्लाका तीन सय भन्दा बढि खेलाडीहरुको सहभागिता रहेको आइटिएफ तेक्वान्दो संघ गण्डकीका अध्यक्ष घम बहादुर थापाले जानकारी दिनुभयो। प्रतियोगितामा कास्की, बागलुङ, पर्वत, म्याग्दी, नवलपुर, स्याङजा र तनहुँका महिला तथा पुरुष खेलाडीहरुको सहभागिता छ। प्रतियोगितामा २८ स्वर्ण, २८ रजत र ३२ कास्य पदकका लागि प्रतिस्पर्धा हुने गण्डकीका उपाध्यक्ष तथा रेफ्रि अफिसियल संयोजक आकाशचन्द्र घर्तीमगर जानकारी दिनुभयो। खेलाडीहरुबीच एकल काता स्पाइरिङ, तथा एकल प्याट्रनमा प्रतिस्पर्धा हुनेछ। जसमा स्पाइरिङतर्फ ४५ देखि ८५ केजी तौल सम्म तथा महिलातर्फ ४० देखि ७० केजीसम्म प्रतिस्पर्धा गराइने भएको छ। यसैगरी एकल प्यार्टनतर्फ ग्रिन बेल्टदेखि ब्ल्याक बेल्ट तेस्रो डान सम्मका खेलाडीहरु प्रतिस्पर्धामा उत्रिने छन्। सो अवसरमा विभिन्न खेल प्रदर्शनीहरु समेत साथै राष्ट्रिय खेलकुदमा प्रतियोगिता स्वर्ण बिजेता खेलाडीहरुलाई सम्मान गर्ने कार्यक्रम छ। उद्घाटनको अवसरमा खेलाडीहरुले डेमो समेत प्रर्दशन गरेका थिए।

# होण्डा एक्सचेन्ज एण्ड फाइनान्स मेला

पोखरापत्र संवाददाता
पोखरा, २ असार




कुवँर ब्रदर्श एण्ड सन्स् नयाँबजार पोखराले होण्डा एक्सचेन्ज एण्ड फाइनान्स मेला यही असार १ गतेदेखि ८ गतेसम्म गर्ने भएको छ।

उक्त मेला अवधिभर होण्डा ब्राण्डका सबै खाले मोटरसाइकल तथा स्कुटर तत्काल खरिदमा १ प्रतिशत ब्याजमा सरल फाइनान्सको व्यवस्था गरेको छ। सो अवसरमा पुरानो मोटरसाइकलमा एक्सचेन्समा ५ हजार बोनसका साथै १० हजारसम्मको स्क्रयाच कुपन रहेको जानकारी कुँवर ब्रदर्श एण्ड सन्स्ले जनाएको छ। होण्डाको मोटरसाइकल तथा स्कुटर अन्तर्राष्ट्रिय ब्राण्डेड कम्पनी भएको कारणले यसको आफैंमा गुणस्तरीय गरेको बिक्री पछिको रिसेल भ्यालु, फ्रि चेक अप क्याम्प, सर्भिस जस्ता सुविधा रहेको कुँवर ब्रदर्श एण्ड सन्स्ले जानकारी दिएको छ।


## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पश्चिमाञ्चल स्वास्थ्य सहकारीद्धारा रत्तदान

पोखरापत्र संवाददाता
पोखरा, २ असार

पश्चिमाञ्चल स्वास्थ्य सहकारीको २१ औं स्थापना दिवसको अवसरमा खुल्ला रत्तदान गरीएको छ। १०८ प्वाईंट रगत सङ्कलन भएको छ।

कार्यक्रम को शुभारम्भ पोखरा महानगर पालिकाका सहकारी प्रमुख रविरमण तिवारीले पहिलो रत्तदान डा. नवराज वास्तोलालाई ब्लड ब्याग हस्तानतरण गर्दै शुरु गर्नु भएको थियो।

सो अवसरमा तिवारीले सहकारी एकतासँगै सहकारीहरुको सकृयाता ऐन नियमको पलाना गर्नु नै सहकारीको मुलमर्म हुनुपर्ने बताए। कार्यक्रममा रत्तदान अभियान्ता एव सराङकोट बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष्य कृष्ण बहादुर थापाले रत्तदान बडाउन सहकारीहरुको भुमीका महत्वपुर्ण रहेको बताए।



कार्यक्रममा अर्ग्रज रत्तदाता बिक्रम उदासले ७६ औ पटक रत्तदान गर्नु भएको छ। २०५९ मा स्थापित सहकारी पोखरा समुह अस्पतालको संचालन मार्फत सम्पुर्ण स्वास्थय सेवा र बचत तथा ऋण कार्य गरीदै आएको उपाध्यक्ष अर्जुन ज्ञवालीले बताए। संस्थाका अध्यक्ष्य हरी पाण्डेको सभापतित्वमा भएको कार्यक्रम मार्फत आकस्मीक रत्तदान समुहका अध्यक्ष्य हरिश्चन्द्र शर्मा, नेपाल स्वयमसेवी रत्तदाता समुह का सदस्य विरेन्द्र पराजुली, डा. छममाया पुन, डा.गणेश भक्त आर्चाय, सचिव मिलन श्रेष्ठ, कार्यक्रम संयोजक ध्रुव शर्मा लगायतले आ आफ्ना भनाई राखेका थिए।

# बैंकर डा. बुद्धि मल्लको "सफलता सम्भव छ" बिमोचन

पोखरापत्र संवाददाता
पोखरा, २ असार

बैंकर डा. बुद्धि मल्लको पुस्तक "सफलता सम्भव छ" को बिमोचन भएको छ।



शिखा बुक्सले प्रकाशन गरेको उक्त पुस्तक नेपाल ब्यवस्थापन संघका अध्यक्ष उपेन्द्र पौड्याल र नेपाल बैंकर संघका अध्यक्ष सुनिल के.सि.ले गरेका थिए भने नेपालका प्रख्यात पर्फमेन्स म्यानेजमेन्ट कोच तथा लेखक डा. मदन बिष्ट र पत्रकार तथा लेखक रोहित भण्डारीले पुस्तकमाथी समिक्षा गरेका थिए।

लेखकले पाठकहरुलाई सहज हिसाबले बुझ्ने गरि बिभिन्न उदाहरणका साथ जिन्दगी सुन्दर छ भन्ने सकरात्मक बिषयको साथै स्मार्टवर्क, जोखिम, टिमवर्क, संघर्ष, नैतिकता, आलोचना, ईर्ष्या, धर्य, ब्यवहार, एस्म्यमान लगायत विभिन्न बिषयमा ४१ वटा लेखहरु समावेश गरिएका छन्। पुस्तकमा उनले आफ्नो जिवनको निरन्तरताको लागि घाटी लामो बनाउन प्रयत्न गरेको देखी संसारका सफल ब्यक्तिहरु बिल गेट्स, दि रक, पृथ्वि नारायण शाह, एड्मण्ड हिलारी, मिल्खा सिंह, जिम केरी, झमक कुमारी, हेनरी फोर्ड, दशरथ माझी, ज्याक मां, भगवान बुद्ध, सचिन तन्दुल्कार, सनाथ जयासूर्या, शेन वार्न, नवोजोद सिद्धु, अमिताभ बच्चन जस्ता हस्तिका जिवनमा घटेका केहि प्रेरक प्रसंगहरु उल्लेख गरेर सफलता सम्भव छ भनेर उदाहरण दिने प्रयास गरिएको छ।

# सृजनामा प्रदेश स्तरीय टेबलटेनिस प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २ असार

सृजना लिडर्स क्लवको आयोजनामा पोखरामा प्रथम गण्डकी प्रदेश (एस.ई.ई.) स्तरीय टेबल टेनिस प्रतियोगिता सम्पन्न भएको छ।

प्रमुख अतिथिका रुपमा कास्की जिल्ला टेबल टेनिस संघका अध्यक्ष उत्तम जोशी रहनु भएको उक्त कार्यक्रममा प्रदेशका ५ जिल्ला स्याङजा, कास्की, तनहुँ, पर्वत र लमजुङका गरी ९३ विद्यार्थी सहभागी भएका थिए। छात्र सिंगलमा ४८, छात्र डबलमा १२ र छात्रा सिंगलमा ४ टिमले प्रतिष्पर्धा गरेका थिए।



प्रतियोगितामा छात्रा सिङ्गल तर्फबाट केफ मा.वि., सिमपानीकी समृद्धि अधिकारीले प्रथम स्थान र निष्पक्ष मा.वि.की प्रतिक्षा सुवेदीले द्वितीय स्थान र हिमाञ्चल बोर्डिङकी आस्था पुन, प्रगति बोर्डिङ स्कुलकी दिप्ती गुरुङले तृतीय स्थान गर्न सफल भएका छन्। छात्र सिंगल, छात्र डबल र छात्रा सिङ्गलमा गरी तीन बिधामा खेल खेलाइने क्लवका अध्यक्ष मिलन खड्काले जानकारी दिए। छात्र सिङ्गल तर्फबाट समता शिक्षा निकेतनका समिर लिम्बु प्रथम, सितलदेवी मा.वि.का विवेक दर्जीले दोस्रो स्थान र हिल प्वाइन्ट मा.वि.का एड्रिन श्रेष्ठ, वेल नोनका रुपेश कुँवरले तृतीय स्थान हासिल गर्न सफल भएका छन्।

त्यसैगरी छात्र डबल तर्फबाट ग्लोबल कलेजियट मा.वि.का जेनिथ गुरुङ, जेनिथ ठकुरीले प्रथम स्थान, आइबेल एकेडमीका सागर अधिकारी, सविन पौडेलले दोस्रो स्थान र हिमाञ्चल बोर्डिङ स्कुलका रिवाज ढकाल, आयुष अधिकारी र मदरल्याण्ड मा.वि.का अमिस पौडेल र सन्दिप राउतले तृतीय स्थान हासिल गर्न सफल भएका छन्। कार्यक्रम विद्यालयको टेनिस कोर्टमा सम्पन्न भएको थियो। प्रतियोगितामा प्रथम हुने छात्र, छात्रा टिमलाई नगद ५ हजार रुपैयाँ ट्रफी र प्रमाणपत्र र द्वितिय हुनेलाई नगद ३ हजार रुपैयाँ मेडल र प्रमाणपत्र र तृतिय हुने दुई टिमले १५/१५ सयका दरले पुरस्कार प्रदान गरिएको थियो। साथै उक्त कार्यक्रमको मैत्रीपूर्ण खेलतर्फ सृजना मा.वि.का लक्ष्मण पोखेल प्रथम, प्रवेश आचार्य द्वितीय, अपिल ढकाल र शुभम तिवारीले तृतीय स्थान प्राप्त गरेका थिए।

सृजना लिडर्स क्लव सृजना माध्यमिक विद्यालय सृजनाचोक पोखरामा अध्ययन गर्ने विद्यार्थीहरूको संस्था हो। विद्यालयका संस्थापक प्रचार्य डोलराज पाण्डेले विद्यार्थीलाई अतिरित्त क्रियायाकलापमा सहभागी गराउन प्रयत्न गर्दै आएको जानकारी दिए। विद्यालयले क्रिकेट, टेबलटेनिस र बास्केटबलका राष्ट्रिय खेलाडी उत्पादन गरेको कुरा समेत उनले बताएका छन्। प्रतियोगिताको उद्घाटन कास्की जिल्ला टेबल टेनिस संघका अध्यक्ष उत्तम जोशीले गरेका थिए भने कार्यक्रमको समापन उक्त प्रतियोगिताको अध्यक्ष मिलन खड्काले गरेका थिए। त्यसैगरी हिमालयन साइन्स फाउन्डेसनको आयोजना र विज्ञान शिक्षक समाज गण्डकी प्रदेशको सह–आयोजनामा पोखराको नयाँबजार स्थित प्रदर्शनी केन्द्रमा दुई दिनसम्म सञ्चालन भएको विज्ञान प्रर्दशनी कार्यक्रममा यस सृजना आवासीय माध्यमिक विद्यालयबाट कक्षा ८ र १० मा अध्ययनरत विद्यार्थीहरुले दोस्रो स्थान हासिल गर्न सफल भएका थिए। भने केही दिन अगाडी कास्की जिल्ला टेबुल टेनिस संघद्वारा आयोजित गण्डकी प्रदेश स्तरीय टेबुल टेनिस प्रतियोगितामा यस विद्यालयबाट कक्षा १० मा अध्ययनरत छात्रा तृषा गुरुङले दोस्रो स्थान र कक्षा ७ मा अध्ययनरत छात्रा सक्रिया पोखेलले तेस्रो स्थान हासिल गर्न सफल भएका थिए।

# कास्की जिल्लास्तरिय स्कूल बालबालिका खेलकुद सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २ असार

कास्की जिल्लास्तरिय स्कूल बालबालिका खेलकुद कार्यक्रम सम्पन्न भएको छ।

जिल्ला खेलकुद विकास समितिको आयोजनामा भएको उक्त कार्यक्रममा ट्र्याक एण्ड फिल्डतर्फका ६ वटा इभेन्टहरु आयोजना गरिएको हो। प्रतियोगितामा छोरेपाटन मावीले ३ स्वर्ण, १ रजत र १ काश्य पदक सहित विजेता बनेको छ भने कास्की मोर्डनाइज्ड मावी २ स्वर्ण १ रजत र २ काश्यका साथ दोस्रो हुँदा त्रिवेणी मावी २ स्वर्ण र एक रजतका साथ तेस्रो भएको छ।



जिल्ला एथलेटिक्स संघ कास्कीको प्राविधिक सहयोगमा भएको उक्त कार्यक्रम अन्तर्गत १०० मिटर छात्रतर्फको दौडमा कास्की मोर्डनाइज्ड एकेडेमीका प्रवेश थापाले १२.१८ सेकेण्डमा दौड पुरा गरी स्वर्ण पदक जिते। त्यसै गरी छोरेपाटन मावीका विनोद नेपालीले रजत र डायमण्डका ऋषी बहादुर कुमालले काश्य पदक हात पारे त्यस्तै छात्रा १०० मिटर तर्फ त्रिवेणी मावीकी एञ्जल अधिकारीले १४.२० सेकेण्डमा दुरी पार गरी स्वर्ण पदक जित्दा केफकी संगम भण्डारीले रजत र लिटल फ्लवारकी कृष्ता गुरुङ्ले काश्य पदक जितिन्।

त्यस्तै २०० मिटर छात्रतर्फ लिटिल फ्लवारका कुश पोखरेलले स्वर्ण, केएमएका प्रमोद थापाले रजत र शैनिक आवासियका प्रज्वल खड्काले काश्य पदक हात पारे। छात्रातर्फ सगरमाथाकी अनुश्का अधिकारीले स्वर्ण, हिमाल कलेजकी रितु भण्डारीले रजत र छोरेपाटन मावीकी एन्जल गुरुङले काश्य पदक जितिन्। ८०० मिटर छात्र दौडमा केफक विवेक परियार, शैनिकका अभियान तिवारी र शैनिककै सागरलामाले क्रमश स्वर्ण, रजत र काश्य पदक जिते भने छात्रातर्फ छोरेपाटन मावीकी नारायणी भण्डारी, एलपी देवकोटाकी मेनुका अधिकारी, उदय मावीकी करुणा कुमालले क्रमश स्वर्ण, रजत र काश्य पदक जिते। यसै गरी १५०० मिटर छात्र दौडमा छोरेपाटनका तेन्जन रोक्का, केफका बिबेक परियार, र कास्की मोर्डनाइज्डका सन्दिप कुवंरले क्रमश स्वर्ण, रजत र काश्य पदक जिते। त्यसै गरी छात्रातर्फ छोरेपाटन मावीकी नारायणी भण्डारी, त्रिवेणीकी अलिशा जिशी, लिटिल फ्लवारकी जस्मिन श्रेष्ठले क्रमश स्वर्ण, रजत र काश्य पदक जिते।

लड जम्पतर्फ भएको प्रतिस्पर्धामा छात्रतर्फ कास्की मोर्डनाइज्डका प्रवेश थापाले स्वर्ण जिते भने लिटिल फ्लवारका लभ पोखरेलले रजत र केएमएका प्रमोद थापाले रजत पदक जिते। त्यस्तै छात्रातर्फ त्रिवेणीकी एन्जल अधिकारी, सगरमाथाकी अनुस्का अधिकारी र कुमुदिनीकी लक्ष्मी कुमालले क्रमश स्वर्ण, रजत र काश्य पदक जिते।

# एसियाली खेलकुदका लागि सुदूरपश्चिमका नौ खेलाडी छनोट

रासस
काठमाडौं, २ असार

चीनमा हुन लागेको १९औं संस्करणको एसियाली खेलकुद (एसियन गेम्स) मा सुदूरपश्चिम प्रदेशबाट नौ खेलाडीले भाग लिने भएका छन्।

प्रतियोगिताका लागि महिला कुस्तीमा सुदूरपश्चिमबाट सात खेलाडी छानिएको कञ्चनपुरका कबड्डी प्रशिक्षक विष्णुदत्त भट्टले जानकारी दिनुभयो। "कबड्डी टिममा बाह्रमध्ये सात महिला खेलाडी सुदूरपश्चिमबाट छन्", प्रशिक्षक भट्टले भन्नुभयो, "छनौटमा परेका सुदूरपश्चिमका महिला खेलाडी अहिले यहाँ विभिन्न विभागीय टिममा आबद्ध छन्।" छनोट हुनेमा जयन्ती बडु, सुनिता थापा, रविना चौधरी, कलावती पन्त, अर्पणा चौधरी, नितु गुरुङ र मानमती विष्ट छन्। त्यसैगरी कुस्तीतर्फ कञ्चनपुरका सुरेश चुनारा र शिवानी दुवे प्रतियोगितामा भाग लिनका लागि छनौट भइसकेका छन्। ७४ किलो तौल समूहमा भीडन्तमा उत्रिने चुनारा हाल त्रिभुवन आर्मी क्लबमा आवद्ध छन्। शिवानीले ५७ किलो तौल समूहमा प्रतिस्पर्धा गर्नेछन्।

# वर्षा हुँदा झस्किछन् मनाङवासी

रासस
मनाङ, २ असार

'प्री–मनसुन' सुरुआत भएसँगै पश्चिमी वायुको प्रभावका कारण वर्षा हुन थालेको छ। लामो समय जोखिम र अभाव भोगेका मनाङवासी ठूलो वर्षा हुनासाथ झस्किन्छन्। दुई वर्षअघि ठूलो वर्षाका कारण करिब दुई महिना सडक सञ्जालबाट विच्छेद रहेका यहाँका स्थानीय हालसम्म त्यही जोखिम सम्झेर झस्कने गरेको बताउँछन्।

सडक सञ्जाल विच्छेद हुँदा यहाँका बासिन्दाले खाद्यान्न, खानेपानी, विद्युत्को अभाव भोगेका थिए। अहिले पनि त्यस बेलाको जस्तै हुन्छ कि भनेर ठूलो वर्षा हुनासाथ झस्कने गरेको नासो गाउँपालिका–५ धारापानीका कृष्ण गुरुङले बताउनुभयो। "अलि ठूलो पानी परेपछि मन झसङ्ग हुन्छ, फेरि पनि ठूलो पानी पर्‍यो भने अभाव र घरबासविहीन हुनुपर्छ कि भन्ने लाग्छ", उहाँले भन्नुभयो।

चामेका फुर्वा लामाले भन्नुभयो, "लामो समयसम्म ठूलो वर्षा भयो भने मन आतिन्छ। कहीँ जानआउन गर्नसमेत गाह्रो हुन्छ, कहीँबाट सहज रूपमा सहयोग पाउन पनि समस्या हुन्छ।" उहाँले जोखिमको सतर्कता अपनाउन सुझाव प्रशासनले दिइरहेको भन्दै विपद्लाई सामान्य रूपमा भने लिन नहुने बताउनुभयो।

डुम्रे–बेसीसहर–चामे सडकअन्तर्गत मनाङका विभिन्न स्थानमा सुक्खा पहिरा खसिरहेको हुन्छ। "यस सडक खण्डअन्तर्गत हुनसक्ने सुक्खा पहिराका कारण बेलाबेलामा सडक अवरुद्ध हुने गर्छ," नासो–५ का वडाध्यक्ष थुदेन लामाले भन्नुभयो, "समयानुकूल रूपमा समाधान गर्ने गरेका छौँ।" उहाँका अनुसार जेठ ११ मा चट्टानसहितको सुक्खा पहिरा खस्दा उक्त सडक अवरुद्ध भएको थियो। बर्खायाम वा अन्य समयमा पनि यहाँको यात्रा सहज छैन।

बर्खायाम सुरुआत भएसँगै अझ बढी जोखिम बढ्ने गर्छ। बर्खायाममा पर्ने भरीका कारण एक ठाउँमा मर्मत गर्न नभ्याउँदै अर्को स्थानमा सडक भत्किने हुँदा मनाङवासी, पर्यटक आवतजावतमा समस्या हुने गरेको छ।

मनाङमा विकास निर्माणका काम गर्न सहज नभएको लामाले बताउनुभयो। "बजेट विनियोजन भएर आए पनि मौसम प्रतिकूलताले गर्दा काम गर्न सकस हुने गर्दछ। वर्षको तीनदेखि पाँच महिना मात्रै काम गर्न सकिन्छ", उहाँले भन्नुभयो।

मनाङ हिमाली जिल्ला भएकाले निरन्तर विकास निर्माणको काम गर्न सहज नहुने स्थानीय बताउँछन्।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१